मिति : २०८१/०९/२५ गते (बिहीबार) स्थान : पो.म.न.पा. सभाहल बैठक संख्या : ३९ (दोस्रो) समय : दिनको : ३ : ०० बजे,

पोखरा महानगरपालिकाका नगर प्रमुख श्री धनराज आचार्यज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको वैठक पोखरा पोखरा महानगरपालिका कार्यालयको सभाकक्षमा तपसिल बमोजिमको उपस्थितिमा बस्यो।

उपस्थिति :

| सि.नं. | पद | वडा नं. | नामथर | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | प्रमुख | श्री धनराज आचार्य | |
| २ | उपाध्यक्ष | उप-प्रमुख | श्री मञ्जुदेवी गुरुङ्ग | |
| ३ | सचिव | प्र.प्र.अ. | श्री शिवराज चौलागाई | |
| ४ | सदस्य | वडा अध्यक्ष वडा नं. १ | श्री शाहारा प्रधान | |
| ५ | सदस्य | वडा अध्यक्ष वडा नं. २ | श्री दिवशमान प्रधानाङ्ग | |
| ६ | सदस्य | वडा अध्यक्ष वडा नं. ३ | श्री प्रकाशमान उदास | |
| ७ | सदस्य | वडा अध्यक्ष वडा नं.४ | श्री देवकृष्ण पराजुली | |
| ८ | सदस्य | वडा अध्यक्ष वडा नं. ५ | श्री विष्णु प्रसाद बराल | |
| ९ | सदस्य | वडा अध्यक्ष वडा नं. ६ | श्री विष्णु बहादुर भट्टराई | |
| १० | सदस्य | वडा अध्यक्ष वडा नं. ७ | श्री राममोहन आचार्य | |
| ११ | सदस्य | वडा अध्यक्ष वडा नं. ८ | श्री रुद्रनाथ बराल | |
| १२ | सदस्य | वडा अध्यक्ष वडा नं. ९ | श्री दिपेन्द्र मर्सानी | |

| | | | | |
|---|---|---|---|---|
| १३ | सदस्य | वडा अध्यक्ष वडा नं. १० | श्री राजेश गुरुङ्ग | |
| १४ | सदस्य | वडा अध्यक्ष वडा नं. ११ | श्री प्रेम प्रसाद कर्माचार्य | |
| १५ | सदस्य | वडा अध्यक्ष वडा नं. १२ | श्री सन्तोष बास्तोला | |
| १६ | सदस्य | वडा अध्यक्ष वडा नं. १३ | श्री किरण बराल | |
| १७ | सदस्य | वडा अध्यक्ष वडा नं. १४ | श्री बोध बहादुर कार्की | |
| १८ | सदस्य | वडा अध्यक्ष वडा नं. १५ | श्री तोरण बहादुर बाँनिया | |
| १९ | सदस्य | वडा अध्यक्ष वडा नं. १६ | श्री अमृत शर्मा तिमिल्सीना | |
| २० | सदस्य | वडा अध्यक्ष वडा नं. १७ | श्री राधिका कुमारी शाही | |
| २१ | सदस्य | वडा अध्यक्ष वडा नं. १८ | श्री शिव प्रसाद तिमिल्सीना | |
| २२ | सदस्य | वडा अध्यक्ष वडा नं. १९ | श्री पुष्पेन्द्र पाण्डे | |
| २३ | सदस्य | वडा अध्यक्ष वडा नं. २० | श्री गंगा बहादुर खत्री | |
| २४ | सदस्य | वडा अध्यक्ष वडा नं. २१ | श्री दिपक प्रसाद सुवेदी | |
| २५ | सदस्य | वडा अध्यक्ष वडा नं. २२ | श्री हिमलाल बराल | |
| २६ | सदस्य | वडा अध्यक्ष वडा नं. २३ | श्री रामकाजी गुरुङ्ग | |
| २७ | सदस्य | वडा अध्यक्ष वडा नं. २४ | श्री भरत बहादुर अधिकारी | |
| २८ | सदस्य | वडा अध्यक्ष वडा नं. २५ | श्री मोतिलाल तिमिल्सीना | |
| २९ | सदस्य | वडा अध्यक्ष वडा नं. २६ | श्री नरेन्द्र थापा (नरेन) | |

| | | | | |
|---|---|---|---|---|
| ३० | सदस्य | वडा अध्यक्ष वडा नं. २७ | श्री पूर्णकुमार गुरुङ्ग | |
| ३१ | सदस्य | वडा अध्यक्ष वडा नं. २८ | श्री श्रीकृष्ण लामिछाने | |
| ३२ | सदस्य | वडा अध्यक्ष वडा नं. २९ | श्री श्रीप्रसाद गुरुङ्ग | |
| ३३ | सदस्य | वडा अध्यक्ष वडा नं. ३० | श्री दुर्गा प्रसाद सुवेदी | |
| ३४ | सदस्य | वडा अध्यक्ष वडा नं. ३१ | श्री ढकनाथ कडेल | |
| ३५ | सदस्य | वडा अध्यक्ष वडा नं. ३२ | श्री अक्कल बहादुर कार्की | |
| ३६ | सदस्य | वडा अध्यक्ष वडा नं. ३३ | श्री रामचन्द्र अधिकारी | |
| ३७ | सदस्य | कार्यपालिका सदस्य | श्री दिपक घिमिरे | |
| ३८ | सदस्य | कार्यपालिका सदस्य | श्री हरिमाया विश्वकर्मा | |
| ३९ | सदस्य | कार्यपालिका सदस्य | श्री गोबिन्द तुलाचन | |
| ४० | सदस्य | कार्यपालिका सदस्य | श्री मन्दिरा परियार | |
| ४१ | सदस्य | कार्यपालिका सदस्य | श्री धन कुमारी पोखेल | |
| ४२ | सदस्य | कार्यपालिका सदस्य | श्री निर्मल दियाली | |
| ४३ | सदस्य | कार्यपालिका सदस्य | श्री निर्मला पौडेल | |
| ४४ | सदस्य | कार्यपालिका सदस्य | श्री भिम कुमारी पुन गर्बुजा | |
| | | | | |

# पोखरा महानगरपालिका

न्यूरोड, पोखरा

**३९ औं कार्यपालिका बैठक (बैठक संख्या-२) (मिति २०८१/०९/२५) का निर्णयहरुः**

**निर्णय नं १**

३९ औं कार्यपालिका बैठक(बैठक संख्या-१) को निर्णय कार्यान्वयन सम्बन्धमा छलफल गरियो ।

**निर्णय नं २**

तपशिल बमोजिमका संस्था/फर्मले आफ्नो कामको शिलशिलामा महानगरपालिकामा जम्मा गरेको रकम निजहरुले धरौटी खातामा जम्मा गर्नुपर्नेमा भुलबस राजश्व खातामा जम्मा गरेको भनी धरौटी रकम फिर्ता माग गरी निवेदन पेश गर्नुभएकोमा निजहरुको महानगरपालिकामा बुझाउनुपर्ने राजश्व लगायत अन्य दायित्व छ/छैन एकिन गरी नियमानुसार धरौटी खातामा ट्रान्स्फर गरी रकम फिर्ता गर्ने निर्णय गरियो:

- **क.** लिला इन्जिनियरिङ्ग कन्सल्टेन्सीबाट जम्मा भएको रकम रु. ५०,०००।-
- **ख.** उकाली ओराली निर्माण सेवा, रुपा-७ कास्कीबाट जम्मा भएको रकम रु. २,७५,०००।-

**निर्णय नं ३**

आस्था दुलालले सृजना चोकस्थित भवन भाडामा लिने प्रयोजनका लागि महानगरपालिकामा धरौटी बापत जम्मा गर्नुपर्ने रकम रु २,००,०००।- भुलबस राजश्व खातामा जम्मा हुन गएकोले उक्त रकम फिर्ता पाउँ भनी पेश भएको माग निवेदनको सम्बन्धमा निजले महानगरपालिकामा नियमानुसार बुझाउनुपर्ने बक्यौता रकम/दायित्व रहे/नरहेको एकिन गरी बक्यौता/दायित्व देखिएमा सो बराबरको रकम कट्टा गरी राजश्व खातामा जम्मा गर्ने र कुनै दायित्व नदेखिएमा रकम फिर्ता गर्ने निर्णय गरियो ।

**निर्णय नं ४**

एशियाली विकास बैंकको सहयोगमा महानगर अन्तर्गत रहेको शहरी उत्थानशिल जिवनयापन सुधार आयोजना (Urban Nepal Resilience and Livability Improvement Project (URLIP) कार्यक्रम कार्यान्वयनका लागि छुट्टै खर्च केन्द्र स्थापना गर्नुपर्ने प्रावधान रहेकोले नयाँ खर्च केन्द्र स्थापनाका लागि महालेखा नियन्त्रकको कार्यालय, अनामनगर काठमाण्डौंमा अनुरोध गर्ने निर्णय गरियो । साथै खाता सञ्चालनका लागि कर्मचारी खटाउने जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृतलाई दिने निर्णय गरियो ।

**निर्णय नं ५**

गण्डकी विश्वविद्यालयमा अध्ययनरत पोखरा म.न.पा-१७ निवासी श्री मन्दिका गुरुङ र श्री क्याटरिना बस्नेत भारतको मुम्बईमा आयोजना गरिएको Hult Prize Summit, 2024 मा सहभागी भई उत्कृष्ट हुनुभई महानगरको प्रतिष्ठा अभिबृद्धिमा योगदान दिनुभएकोले निजहरुको कार्यक्रममा आतेजाते मध्ये एकतर्फि खर्च बापत पेश गरेको बिल भरपाई बमोजिमको रकम रु. ४२,०००।- (अक्षरुपी बयालिस हजार मात्र) निजहरुलाई भुक्तानी गर्ने निर्णय भयो ।

**निर्णय नं ६**

पोखरा-२९ को खुईले डाँडा भ्यू-पोईन्ट र भण्डारढिक रंगशालाको कबर्डहलको डि.पि.आर. रकम भूक्तानी सम्बन्धमा २९ नं वडा कार्यालयबाट सिफारिस भई आएको रकम वडा कार्यालयको गत बर्षको भुक्तानी बाँकीको विवरणमा समावेश भएको भए वडाबाटै नियमानुसार भुक्तानी दिन निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं ७**

'घ' वर्गको निर्माण व्यवसायका लागि नयाँ ईजाजत पत्रको माग गरी पेश भएका निवेदनहरुका सम्बन्धमा छानविन एवं जाँचबुझ गरी दर्ताका लागि सिफारिश गर्न गठित समितिबाट सिफारिश भई आएका तपसिल बमोजिमका फर्म/कम्पनीहरुलाई 'घ' वर्गको ईजाजत पत्र प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७५ को अनुसूची -५ बमोजिमका कागजातहरुका आधारमा 'घ' वर्गको निर्माण व्यवसायी ईजाजतपत्र जारी गर्ने निर्णय गरियो:

क. चन्द्रकालिका अर्घौ प्रा.लि पोखरा - २७,

ख. बिबिका कन्ट्रक्सन प्रा.लि पोखरा-१३,

ग. एक्सिस ईन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन पोखरा-१९,

घ. ए.जि.नेपाल कन्स्ट्रक्सन प्रा.लि, पोखरा-१६ ।

**निर्णय नं ८**

पोखरा महानगरपालिकाको भूमिगत जलश्रोत उपयोग सम्बन्धी कार्यविधि, २०८० बमोजिम गठन भएको महानगरस्तरीय भूमिगत जलश्रोत समितिबाट सोही कार्यविधिको दफा ६ बमोजिम इजाजत माग भएका निवेदनहरुका सम्बन्धमा महानगरस्तरीय भूमिगत जलश्रोत समितिबाट सिफारिस भई आएका तपशिल बमोजिमका समिति/संस्था/फर्म/कम्पनी/व्यक्तिलाई भुमिगत जलस्रोत उपयोगका लागि महानगरको चालु आर्थिक ऐनले निर्धारण गरेको राजश्व रकम दाखिला गराई भुमिगत जलस्रोत उपयोग गर्न अनुमति दिने निर्णय गरियो । साथै व्यावसायिक प्रयोजनका लागि स्थापित कम्पनी/फर्मबाट सर्वसाधारणलाई वितरण गरिने पानीमा लिइने दस्तुरमा एकरुपता ल्याउने व्यवस्था मिलाउने समेत निर्णय गरियो ।

**क.** एस हिमालय रिसोर्ट प्रा.लि., पोखरा-२२,

**ख.** हिमालय टोल खुदीखोला बोरिङ सामुदायिक खानेपानी उपभोक्ता समिति, पोखरा-३२,

**ग.** महतगौडा टापु फुड एण्ड बेवरेज प्रा.लि., पोखरा-१७,

**घ.** वेशी वाटर सप्लार्यस, पोखरा-१८,

**ङ.** निना द्धा, पोखरा-१२,

**च.** हिमालय होम्स प्रा.लि., पाखरा-३ ।

**निर्णय नं ९**

महानगरपालिकामा स्थानाभावका कारण आर्थिक विकास महाशाखाको लागि बहालमा लिएको पोखरा म.न.पा-७ स्थित घरको घरधनी श्री बिनोद पौडेलबाट घरको बहाल रकममा बार्षिक रु. ५०,०००।- भन्दा बढी बृद्धि गरेकोले सो महाशाखा रहेको घरको २०८१ माघ मसान्तसम्मको बहाल रकम भुक्तानी गरी सो महाशाखालाई खाली रहेको महानगरको अन्य भवनमा स्थानान्तरण गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं १०**

पोखरा महानगरपलिका वडा नं २७ बेगनास स्वास्थ्य चौकीमा सञ्चालनमा रहेको ग २ च ९५३१ नं को एम्बुलेन्स मर्मतको लागि मेकानिकल ईन्जिनियरबाट पेश भएको लागत अनुमान रु. २,४४,६६०।-(भ्याट बाहेक) रकममा नबढ्ने गरी संलग्न बिल भरपाईको आधारमा स्वास्थ्य महाशाखामा रहेको भुक्तानी बाँकी शिर्षकबाट ३१ नं वडा कार्यालयमा रकमान्तर गरी पठाउने निर्णय गरियो।

**निर्णय नं ११**

पोखरा महानगरपालिका वडा नं ९ स्थित न्युरोड क्षेत्रमा पार्किङ व्यवस्थित गर्नको लागि पार्किङ क्षेत्रमा जाने आउने स्थानमा २ एङ्गलको गाडी जाने स्लोप ड्रेन तथा खोप्लाङ्गेको जग्गामा पार्किङ जाने स्लोप ड्रेन विश्वकर्मा मेटल एण्ड वर्क्सले निर्माण गरी पार्किङ व्यवस्थापन भएको हुँदा सो बापत प्राविधिकबाट भएको नापजाँच र कार्यसम्पन्न प्रतिवेदनमा उल्लेखित रकम रु. ८५,२८६/- (पचासी हजार दुईसय छयासी मात्र) नियमानुसार विश्वकर्मा मेटल एण्ड वर्क्सलाई भुक्तानी गर्ने निर्णय गरियो।

**निर्णय नं १२**

पोखरा महानगरपालिका वडा नं ३१ स्थित स्याङखुदी, लिब्दी खोला संरक्षण गर्नका लागि वडा कार्यालयबाट मिति २०८१/०२/०८ मा स्याङखुदी, लिब्दी खोला संरक्षण उपभोक्ता समितिसँग वडा कार्यालयबाट विनियोजित रकम रु.२,००,०००/- र उपभोक्ताको सहभागिता रकम रु.२२,४९३/- गरी जम्मा रु.२,२२,४९३/- को सम्झौता भई प्राविधिकबाट नापजाँच तथा कार्य सम्पन्न प्रतिवेदन पेश भएको देखिएको। आ.व २०८०/८१ मा वडा कार्यालयबाट सम्पन्न भएको उक्त योजनाको भुक्तानी दिन बाँकी रहेकोमा चालु आ.व.मा उक्त योजनाको भुक्तानी दिन बाँकीको विवरणमा समावेश नभएको भनी भुक्तानीका लागि वडा कार्यालयबाट अनुरोध भएको हुँदा योजना, अनुगमन तथा सूचना प्रविधि शाखाले वडा कार्यालयबाटै भुक्तानी हुने गरी उपयुक्त शिर्षकबाट रकम प्रस्ताव गरी रकमान्तरका लागि नगर सभामा पेश गर्ने व्यवस्था मिलाउने निर्णय गरियो।

**निर्णय नं १३**

पोखरा-१० निवासी नानु कुमारी अधिकारी जि.सी.ले आफ्नो घरको सम्पन्न प्रमाणपत्र हराएको भनी सम्पन्न प्रमाणपत्र लिनका लागि अभिलेखीकरणको लागि निर्धारित राजश्व रकम दाखिला गरिसकेपछि सम्पन्न प्रमाणपत्र फेला पारेको भनी महानगरमा दाखिला भएको राजश्व रकम रु. ७१,०९५/- फिर्ता माग गरेकोले सो व्यहोरा घरनक्सा अभिलेखीकरण शाखाबाट एकिन भएपछि दाखिला भएको राजश्व रकम कानून बमोजिम फिर्ता गर्न मिल्ने भए फिर्ता दिने निर्णय गरियो।

**निर्णय नं १४**

पोखरा महानगरपालिका वडा नं.-४ को कार्यालयबाट वडाभित्र रहेका हावाहुरीबाट ढल्न सक्ने पुराना रुखहरुबाट जनधनमा पुग्नसक्ने क्षतिलाई मध्येनजर गरी त्यस्ता रुखहरु वडामा विनियोजित रकमबाट कटान भएकोमा सो बापतको रकम रु १,००,०००।- गत आ.व.मा वडा कार्यालयबाट भुक्तानी हुन नसकेको भनी भुक्तानी स्वीकृतिका लागि वडाबाट पेश हुन आएकोले सो कार्य बापत चालु आ.व.को भुक्तानी बाँकी शिर्षकमा बजेट समावेश भएको भए वडा कार्यालयबाटै नियमानुसार भुक्तानी दिने निर्णय गरियो।

**निर्णय नं १५**

महानगरबाट महानगर प्रहरी बललाई साविकमा उपलब्ध गराएको खाकी रंगको पोशाक समय सापेक्ष एवं उपयुक्त नदेखिएकोले महानगरबाट उक्त पोशाकको सट्टा अनुगमनमा खटिने प्रहरी बलको लागि चुस्ता रंगको र कार्यालयको कार्यमा खटिने प्रहरीका लागि स्टान्डर्ड रंगको पोशाक गरी प्रति जवान २ थान पोशाक खरिद गर्ने खरिद शाखाबाट नियमानुसार प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

**निर्णय नं १६**

पोखरा भ्रमण वर्ष २०२५ घोषणा कार्यक्रम तयारी एवं कार्यान्वयन गर्नका लागि महानगर प्रमुखको संयोजकत्वमा सबै वडा अध्यक्ष, कार्यपालिका सदस्य, नगर सभा सदस्य, पर्यटन सम्बद्ध संघ/संस्था र अन्य साझेदार/सरोकारवालाहरुको समेत प्रतिनिधित्व हुने गरी पोखरा भ्रमण वर्ष २०२५ घोषणा तथा कार्यान्वयन मूल समारोह समिति गठन गर्ने निर्णय गरियो। साथै पोखरा भ्रमण वर्ष २०२५ घोषणा कार्यक्रम आयोजना गर्दा लाग्ने खर्चको लागत अनुमान तयार गरी स्वीकृतिका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं १७**

महानगरपालिकाबाट निर्माण गरिसकेका विस्तृत परियोजना प्रतिवेदन (DPR) को आधारमा सार्वजनिक निजी साझेदारी (PPP) मा परियोजना सञ्चालन गर्न चाहाने संस्थाहरुबाट रोजगारी सिर्जना, पर्यटन प्रवर्द्धन तथा आय-आर्जन हुने लगायतका विषय क्षेत्र (Sectors)हरुसँग सम्बन्धित परियोजना सञ्चालनका लागि खुल्ला प्रस्ताव आह्वान गर्ने निर्णय गरियो।

**निर्णय नं १८**

शिक्षा र स्वास्थ्य समितिबाट भएका निर्णयहरुका सम्बन्धमा कार्यपालिका बैठकमा जानकारी प्राप्त भयो। सामुदायिक र संस्थागत विद्यालयको कक्षा ८ को परीक्षा महानगरबाट परीक्षा केन्द्र तोकि सञ्चालन गर्ने गरी नगर शिक्षा समितिबाट भएको निर्णय अनुमोदन गर्ने निर्णय गरियो। साथै यो परिक्षा पद्धतिको प्रभावकारिता बढाउदै निरन्तरता दिने निर्णय गरियो।

**निर्णय नं १९**

पोखरामा खेल पर्यटन प्रवर्द्धन गर्ने उद्धेश्यका साथ २०८१ फाल्गुण महिनाको अन्तिम साता आयोजना गरिएको पोखरा महानगर मेयर कप राष्ट्रिय भलिबल प्रतियोगिता (Municipal Mayor Cup, Volleyball Tournament) का सम्बन्धमा आवश्यक सहजीकरण/व्यवस्थापन गर्न वडा नं ३ र १५ का वडा अध्यक्ष श्री प्रकाशमान उदास र श्री तोरण बानियाँलाई जिम्मेवारी तोक्ने निर्णय गरियो।

**निर्णय नं २०**

पोखरा महानगरपालिकाको भौगोलिक, सामाजिक, सांस्कृतिक एवं पर्यटकीय परिवेश झल्किने गरी महानगरपालिका गित (Municipal Anthem) बनाउनका लागि स्वीकृति दिने र यसका लागि आवश्यक बजेट व्यवस्था गर्ने नगरसभामा प्रस्ताव गर्ने निर्णय गरियो।

**निर्णय नं २१**

नगर कार्यपालिकाको मिति २०८१/०८/३० को ३८औँ कार्यपालिका बैठकको निर्णय नं २ बमोजिम तालचोक बेगनास सडक आयोजना अन्तर्गत क्षतिपूर्तिको लागि सिफारिस गरिएको रकम रु १५,०६,३४५।-(अक्षरुपी पन्ध्र लाख छ हजार तीन सय पैचालिस मात्र) स्वीकृतिको लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं २२**

पोखरा महानगरपालिका क्षेत्रभित्र विभिन्न कृषि उत्पादनसँग सम्बन्धितु किसानहरुले उत्पादन गरेका कृषि उपजको समर्थन मूल्य महानगरले तोक्दै आएकोमा चालु आ.व.मा समेत आर्थिक विकास महाशाखाबाट पेश भएको ३६ प्रकारका कृषि उपजको न्यूनतम सर्मथन मूल्य स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं २३**

पोखरा महानगरपालिका वडा नं ३१ कार्यालय लामो समयदेखि व्यक्तिको घरमा बसेको र हाल आफ्नै वडा भवनमा कार्यालय स्थानान्तरण भएकोले हाल सम्म बसेको निजी घरमा सम्झौता बमोजिम रंगरोगन गर्नुपर्ने भनी वडा कार्यालयबाट सिफारिस भइ आएको लागत अनुमानको रकम रु १,५९,०००।- स्वीकृत गर्ने र कार्यसम्पन्न भएपश्चात् कार्यसम्पन्न प्रतिवेदन सहित प्राप्त हुन आएको बिल भरपाईका आधारमा भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं २४**

पोखरा महानगरपालिका वडा नं १३ र १४ अन्तर्गत पर्ने वि.पि. मार्ग स्तरोन्नतिका लागि रु १५,४०,९३,०००।- (मु.अ.कर र कन्टेन्जेन्सी समेत) को लागत अनुमान स्वीकृत गरी उक्त आयोजनालाई बहुवर्षीय आयोजनामा समावेश गर्ने निर्णय गरियो ! साथै उक्त आयोजनाका लागि आवश्यक पर्ने बजेट बार्षिक कार्यक्रममा समावेश गरी निर्माण प्रक्रिया अगाडि बढाउने समेत निर्णय गरियो ।

**निर्णय नं २५**

पोखरा महानगरपालिका वडा नं ३२ स्थित अस्थायी ल्याण्डफिल साइटका प्रभावित बासिन्दाहरुका लागि विभिन्न कार्यक्रम र योजना तर्जुमा गर्न महानगरपालिकाबाट वडा कार्यालयमा उपलब्ध गराइएको रकमबाटै योजना सम्पन्न गर्ने गरी राधाकृष्ण मन्दिरका पदाधिकारी र महानगर सरसफाई शाखासँग सम्बन्धित कर्मचारीहरु छलफल गर्दा राधाकृष्ण मन्दिर परिसर भित्र मन्दिर आश्रम, गुरुकुल व्यवस्थापन लगायतका कार्यका लागि बजेट विनियोजन नभएकोले बजेट विनियोजन गरिदिन अनुरोध भइआएको हुँदा यस सम्बन्धमा प्रमुख प्रशासकीय अधिकृत, आर्थिक प्रशासन महाशाखा प्रमुख, प्रशासन महाशाखा प्रमुख, पर्यटन तथा शहरी विकास महाशाखा प्रमुख, योजना अनुगमन तथा सूचना प्रविधि शाखा प्रमुख, सरसफाई शाखा प्रमुख र वडा नं ३२ का वडा अध्यक्ष वीच छलफल गरी आवश्यक राय सुझाव आगामी कार्यपालिका बैठकमा पेश गर्न निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं २६**

क. पोखरा महानगरपालिकाको सेवा प्रवाह र विकास निर्माणका सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र लगायतका निकायहरुमा परेका उजुरीको कारवाहीका लागि माग भएका कागजात एवं राय प्रतिक्रिया तयार गरी प्राप्त उजुरीहरु समयमै फछ्यौंट गर्ने कार्यमा आवश्यक समन्वय र सहजीकरण गर्ने अर्को व्यवस्था नभएसम्मका लागि देहाय बमोजिमका कर्मचारीहरु रहने गरी उजुरी फछ्यौंट तथा समन्वय शाखा गठन गर्ने निर्णय गरियो ।

**तपसिल**

अ. प्रशासन सेवा स्थानीय प्रशासन समूहको कर्मचारी (अधिकृतस्तर ७/८ तह )- १ जना    संयोजक

आ. प्रशासन सेवा स्थानीय आर्थिक प्रशासन समूहको कर्मचारी(अधिकृतस्तर)- १ जना    सदस्य

इ. ईन्जिनियरिङ सेवा सिभिल समूहको कर्मचारी (अधिकृतस्तर)- १ जना    सदस्य

**शाखाको कार्यविवरण**

अ. उजुरीसँग सम्बन्धित वडा कार्यालय/महाशाखा/शाखा र तत्/तत् जिम्मेवारीमा रहेका वडा सचिव/महाशाखा प्रमुख/शाखा प्रमुख कर्मचारीहरुसँग आवश्यक राय/ सुझाव/प्रतिक्रिया एवं कागजात माग गर्ने ।

आ. वडा कार्यालयबाट शाखालाई पठाइने राय/सुझाव/प्रतिक्रिया र कागजात वडा सचिवले र महाशाखा/शाखाबाट पठाइने राय/सुझाव/प्रतिक्रिया र कागजात महाशाखा प्रमुखबाट प्रमाणित गरी लिने ।

इ. उपरोक्त अनुसार प्राप्त राय/प्रतिक्रिया/सुझाव एवं कागजातका आधारमा सम्बन्धित निकायमा पठाउनुपर्ने कागजात सहितको राय/प्रतिक्रिया तयार गर्ने र तोकिएकै समयमा पत्राचार गर्ने ।

ई. प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नुपर्ने विषय भए पेश गर्ने ।

**ख.** पोखरा म.न.पा-७, मासबार स्थित अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालयसँग महानगरको तर्फबाट आवश्यक सम्पर्क र समन्वय गर्ने प्रयोजनका लागि प्रशासन महाशाखा प्रमुखलाई सम्पर्क व्यक्ति तोक्ने निर्णय गरियो । माथि गठन भएको शाखाको लागि आवश्यक पर्ने छुट्टै कार्यकक्ष समेत व्यवस्था गरी १ जना कम्प्युटर अपरेटरलाई नियमित रुपमा कार्य गर्ने गरी खटाउने एवं यस निर्णय बमोजिम सम्पर्क व्यक्ति तोक्ने र शाखा अन्तर्गत रहने कर्मचारीहरु खटाउने जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृतलाई दिने समेत निर्णय गरियो ।

**निर्णय नं २७**

सम्मानित सर्वोच्च अदालतबाट मिति २०८१/०५/१२ मा भएको संवैधानिक ईजलासको फैसला बमोजिम २०८१ भदौ १२ गते पश्चात् अनिवार्य अवकाश भएका तपशिल बमोजिमका कर्मचारीहरुबाट गण्डकी प्रदेश सरकारद्वारा जारी गरिएको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ बमोजिम सरेवारत अवधिको पारिश्रमिक भुक्तानीका लागि अनुरोध भई आएकोले निजहरुले गरेको बढी सेवा अवधि बापतको रकम नियमानुसार उपलब्ध गराउने निर्णय गरियो ।

**तपशिलः**

१. श्री भरतराज पौडेल, अधिकृत छैटौं,
२. श्री लोक दर्शन कोइराला, अधिकृत छैटौं,
३. श्री यम बहादुर क्षेत्री, अधिकृत छैटौं,
४. श्री रेशमलाल पौडेल, अधिकृत छैटौं,
५. श्री राजु बहादुर कोइराला, अधिकृत छैटौं,
६. श्री प्रजापति बराल, सहायक पाचौं,
७. श्री गुप्त बहादुर बानियाँ, ना.प्र.अ.नि. पाचौं,
८. श्री टेक बहादुर घर्ति, ह.स. चालक,
९. श्री पार्वती पौडेल, कार्यालय सहयोगी,
१०. श्री प्रेम कुमारी छन्त्याल, कुचीकार ।

**निर्णय नं २८**

पोखरा महानगरपालिका वडा नं १७ स्थित वडा नं २१ र ३३ जाने प्रगतिटोल-दोबिल्ला मार्गमा फुर्सेखोलाले कटान गरी सडक अवरुद्ध हुन पुगेको र उक्त सडक महानगरको फोहोरमैलाको दैनिक रुपमा व्यवस्थापन मार्गको रुपमा प्रयोग भैरहेको र २४ सै घण्टा सुचारु हुनुपर्ने सडक भएकोले उक्त सडक क्षेत्रमा खोला नियन्त्रण गरी सडक सुचारु गर्नका लागि प्राविधिकबाट पेश भएको रु. ८०,००,०००/- लाखको लागत अनुमान स्वीकृत गरी बजेट व्यवस्थाका लागि नगर सभामा पठाउने निर्णय गरियो।

**निर्णय नं २९**

स्थानीय निर्वाचन २०७९ मा पोखरा महानगरपालिका वडा नं.२० बाट निर्वाचित वडा सदस्य श्री उत्तम गुरुङले वडा सदस्य पदबाट दिएको राजिनामा मिति २०८१ पौष १ गतेदेखि लागु हुने गरी हालसम्म उहाँले महानगरमा पुर्याउनु भएको योगदानको लागि धन्यवाद दिदै स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं ३०**

पोखरा महानगरपालिका वडा नं ३३ स्थित पुँडीटार प्रहरी चौकी देखि प्रस्तावित फोहोरमैला प्रशोधन केन्द्रसम्म पुग्ने बाटो स्तरोन्नति, पोखरा-३३ (Contract ID:69/PMC/NCB/W/R/080/81) नं ठेक्का सम्बन्धमा साइटमा हाल सम्म विभिन्न कारणले प्रशोधन केन्द्र निर्माण हुन नसकेकोले सार्वजनिक खरिद ऐन २०६४ को दफा २६ को उप दफा १ को (ग) बमोजिम आवश्यक र उपयूक्त नदेखिएको भनी ठेक्का रद्ध गर्न मूल्याङ्कन समितिबाट सिफारिस भई आएको हुँदा उक्त ठेक्का रद्ध गर्ने र आयोजनाको नाम पुँडीटार प्रहरी चौकी देखि प्रस्तावित फोहोरमैला प्रशोधन केन्द्र हुँदै वरपौवा सडक स्तरोन्नति कायम गरी पूनः बोलपत्र आव्हान गर्ने निर्णय गरियो।

**निर्णय नं ३१**

पोखरा महानगरपालिका वडा नं २८ स्थित ओख्ले-डुडखोला खानेपानी आयोजनाको लागि पेश भएको रु २,५६,००,०००/- लाख को लागत अनुमान स्वीकृत गरी खरिद प्रक्रिया अगाडि बढाउने निर्णय गरियो। साथै बार्षिक विकास कार्यक्रममा सालबसाली बजेट विनियोजन गरी आयोजनाको कार्य सम्पन्न गर्ने निर्णय गरियो।

**निर्णय नं ३२**

पोखरा महानगरपालिका वडा नं १४ को सिफारिसमा सिचाई कुलो उपभोक्ता समितिबाट आयोजना सम्पन्न गरी भुक्तानीको लागि पेश हुन आएको रकम रु १५,६८,०००।-का सम्बन्धमा, पोखरा महानगरपालिका वडा नं ३२ भई बहने खुदी खोला कटान नियन्त्रण गर्न ग्याबिन वाल निर्माण गरी किसानहरुको जग्गा संरक्षण गर्न आवश्यक देखिएको सम्बन्धमा, पोखरा महानगरपालिका वडा नं २४ को बुर्की खोला कास्कीकोट मोटरबाटो निर्माण गर्न महानगरबाट ठेक्का आव्हान गरी निर्माण कार्य सम्पन्न भएको तर विविध कारणले आ.व. २०८०/८१ मा निर्माण व्यवसायीलाई सम्पन्न कार्यको भुक्तानी गर्न बाँकी रहेको देखिएको रकमको सम्बन्धमा, पोखरा-२४ मा पर्ने बाँसकोट-वडा कार्यालय-पामे-राउसेवडार-अमकुना चिलिमडाँडा सडक आयोजनामा निर्माण व्यवसायी देवीथान निर्माण सेवा प्रा.लि काठमाण्डौंले सम्झौता वमोजिम कार्य सम्पन्न नगरी अलपत्र छाडेको सम्बन्धमा र पोखरा महानगरपालिका वडा नं २१ र ३३ को खानीपानी महशुल/पानी आपूर्तिका सम्बन्धमा आवश्यक अध्ययन गरी के कसो गर्न सकिन्छ सुझाव पेश गर्न प्रमुख प्रशासकीय अधिकृत, सम्बन्धित वडाको वडा अध्यक्ष, आर्थिक प्रशासन महाशाखा प्रमुख, प्रशासन महाशाखा प्रमुख र सम्बन्धित विषयक्षेत्रको महाशाखा प्रमुख/शाखा प्रमुख वीच छलफल गरी सुझाव पेश गर्न निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं ३३**

पोखरा महानगरपालिका वडा नं १६ र १९ भई बहने घार्मी खोला आसपासको क्षेत्र उक्त खोलाबाट कटान भएको र उक्त क्षेत्रमा जमिन भासिन गई Sinkhole निर्माण भएकोले विस्तृत भौगोलिक अध्ययन गर्न आवश्यक भएको, Check dam निर्माण गरी किनारा संरक्षण गर्न आवश्यक देखिएको भनी प्राविधिकबाट पेश भएको स्थलगत राय प्रतिवेदन र रु २४,५९,०००।- को लागत अनुमान स्वीकृत गरी बजेट व्यवस्थाको लागि नगर सभासमक्ष सिफारिस गरी पठाउने निर्णय गरियो।

**निर्णय नं ३४**

महानगरपालिकाबाट जारी भएका सार्वजनिक निजी साझेदारी ऐन तथा नियमावली पटक पटक संशोधन भएको, संशोधन एकीकृत नभएको एवं संघीय तथा प्रदेश कानून अनुकूल संशोधन गर्न आवश्यक भएको हुँदा संघ, प्रदेश सरकारका ऐन नियमावलीसंग नबाझिने गरी महानगरपालिकाको आवश्यकता अनुसार सार्वजनिक निजी साझेदारी ऐन तथा नियमावली संशोधन गर्न र महानगरपालिका क्षेत्र भित्र निर्माण हुने सार्वजनिक शौचालयलाई व्यवस्थित र सुरक्षित बनाउन आवश्यक भएको र यसका लागि सार्वजनिक शौचालय सम्बन्धी कार्यविधि निर्माण गर्न वाञ्छनीय भएकोले ऐन/नियमावली/कार्यविधिको मस्यौदा/संशोधन तयार गरी पेश गर्न विधायन समितिलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं ३५**

कार्यपालिकाको बैठक प्रत्येक महिनाको २ गते र १६ गते दिनको २ बजे नियमित रुपमा बस्ने निर्णय गरियो। साथै बैठकमा पेश गर्नुपर्ने कार्यसूची कम्तिमा बैठक बस्ने दिन भन्दा ३ दिन अगाडि महानगरमा पेश गर्ने एवं प्राप्त कार्यसूचीका आधारमा प्रमुख प्रशासकीय अधिकृतबाट अन्तिम कार्यसूची तयार गरी कार्यपालिका सदस्यलाई पठाउने निर्णय गरियो।

**निर्णय नं ३६**

पोखरा महानगरपालिकाबाट स्वीकृत पूर्वाधार तथा भवन निर्माण मापदण्ड,२०८०, मिति २०८०/११/११ गते स्थानीय राजपत्रमा प्रकाशित भई लागू भईसकेको अवस्थामा सो मिति भन्दा अगाडि तत्कालिन मापदण्ड अनुसार नक्शापास भएका तर पूर्वाधार तथा भवन निर्माण मापदण्ड,२०८० बमोजिम मापदण्ड हेरफेर भएका र निर्माण समयावधि बाँकी भएका भवनहरुलाई सोही मापदण्डको प्रावधान बमोजिम हुने गरी निर्माण सम्पन्न प्रमाणपत्र जारी गर्ने गराउने निर्णय गरियो।

**निर्णय नं ३७**

पोखरा महानगारपालिका वडा नं ३२ स्थित लामेआहालमा अस्थायी ल्याण्डफिल्ड साईटमा फोहोरमैला डम्पिङ गर्दा दुर्गन्धरहित बनाउन दैनिक माटोले पुर्ने लगायतका कार्य गरी फोहोरमैला व्यवस्थापन हुदै आएकोमा २०८१ मंसिर मसान्तबाट माटो खरिदको ठेक्का अवधि सकिएको र सो क्षेत्र मानव स्वास्थ्यको हिसाबले अत्यन्त संवेदनशील क्षेत्र भएकोले तत्काल ग्याबिन जाली लगाउने र माटो खरिद गरी फोहोरमैला पुर्ने कार्य निरन्तर गर्नुपर्ने हुँदा बार्षिक विकास कार्यक्रमको शहरी विकास, पर्यटन वन तथा वातावरण महाशाखा अन्तर्गत रहेको बजेट उपशीर्षक ८०४३९२०१३६४, ल्यान्डफिल साईट सम्बन्धी सम्पूर्ण व्यवस्थापन शिर्षकमा भैपरी आउने पुँजीगत खर्च शिर्षकबाट रु ६९,९९,३१५।- रकम थप गर्ने र रकमान्तर गरी खरिद प्रक्रिया अगाडि बढाउनका लागि आगामी नगरसभामा सिफारिस गर्ने निर्णय गरियो।

## निर्णय नं ३८

Switch Asia Grants Program अन्तर्गत सञ्चालित Building Energy Efficiency In Nepal (BEEN) Project को आयोजनामा सोही संस्थाले सम्पूर्ण भ्रमण खर्च व्यहोर्ने गरी सन् २०२५ फेब्रुवरी १४ देखि २१ (फाल्गुण २ गते देखि ९ गते सम्म, २०८१) अष्ट्रियामा हुने अध्ययन भ्रमण कार्यक्रममा भाग लिन पोखरा महानगरपालिकालाई कुनै आर्थिक दायित्व नपर्ने गरी पोखरा महानगरपालिका घरनक्शा शाखा प्रमुख ई. श्री सुरेन्द्र पौडेललाई मनोनयन गरी पठाउने निर्णय गरियो।

## निर्णय नं. ३९

बायखोला ढल तथा नाला व्यवस्थापन स्यालेचौर, पोखरा- २० मा आ.व. २०८०/०८१ मा खरिद सम्झौता नं. 63/PMC/NCB/080-81 बाट रु ३०,००,०००।- बजेट विनियोजन भइ बहुवर्षीय आयोजनामा समावेश गरी खरिद सम्झौता भएकोमा स्थानीयवासीको अवरोधका कारण सम्झौता बमोजिम आयोजना कार्यान्वयन हुन नसकेको र बोलपत्रदाता निर्माण व्यवसायीबाट समेत खरिद सम्झौता रद्द गर्न निवेदन पेश भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ उपदफा ४ बमोजिम सार्वजनिक हितका लागि सुविस्ताका आधारमा खरिद सम्झौता रद्द गर्ने निर्णय गरियो। चालु आ.व. २०८१/०८२ को वार्षिक विकास कार्यक्रममा सो आयोजनाका लागि विनियोजन भएको रकम रु.३०,००,०००/- शिर्षकान्तर गरी कुनाखेत पैरो नियन्त्रण तथा नाला व्यवस्थापन आयोजनामा खर्च गर्न नगरसभामा सिफारिश गर्ने निर्णय गरियो।